# अग्नीसाइर कृष्णासवरन गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सप्तरी
प्रदेश नं. २, नेपाल
स्था. २०७४

प.सं.: २०७७/७८
च.नं.:

(कृषि शाखा - सुचना नं. १)

मिति:-२०७८।१।१६

**उन्नत धानको वीउ खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आवहानको सूचना**

**प्रथम पटक प्रकाशित मिति२०७८।१।१६**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व.२०७७।७८को स्वीकृत वार्षिक कार्यक्रम तर्फ ५०% अनुदानमा उन्नत धानको विउ वितरण तथा ढुवानीका लागी रकम विनियोजन भए बमोजीम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म,संस्था,कम्पनी तथा सप्लायर्सहरबाट निम्न शर्तहरुको अधिनमा रहीरितपुर्वकको सीलवन्दी दरभाउ आहवान गरिएको छ ।

**शर्तहरु:**

१.दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१दिन भित्र यस कार्यालयको राजश्व शाखामा रु.३०००।-(अक्षरेपी तीन हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी बुझाई अधयावधिक नविकरण भएको ईजाजतपत्र,मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिामा नरहेको स्वघोषणा संलग्न राखी समबन्धित फर्म,संस्था,कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका कृषि शाखाबाट दरभाउ सम्बन्धित कागजात(Tender Document) खरिद गर्न सकिनेछ ।

२.खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म,संस्था,कम्पनी तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलवन्दी गरी सो खाममा बाहिर नाम,ठेगना,सूचना नं.र कामको नाम प्रष्ट सँग लेखि (१५) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्तागरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३.दरभाउ धरौटी बापत रकम यस गाउँपालिका कार्यालयको माछापुच्छे बैंक लि. महुली शाखामा रहेको धरौटी खाता नं.९००१५२४७३३५२८०३६मा जम्मागरी सोको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस गा.पा.कार्यालयको नाममा जारी गरिएको विडवण्ड(बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधी भएको )पेश गर्नुपर्ने छ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्ड मान्य हुने छैन ।

४.दरभाउ शर्त रहित,केरमेट नभएको कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समय भित्र प्राप्त नभएको,रित नपुगेको,सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५.दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्ने छ । अक्षर र अकंमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानीजममा रकम कायम गरिनेछ ।

६.दरभाउ खरिद गर्ने,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगतै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७.दरभाउ सम्बन्धि थप जानकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८.प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पूरा नभएको,रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवंदरभाउ सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९.दरभाउपत्रबाट खरिद गर्ने विउको न्युनतम मापदण्डको विवरण दरभाउ फारम साथ संलग्न हुनेछ ।

१०.अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सावजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

११.एक फर्म,कम्पनी वा निर्माण व्यवसायीको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म,संस्था,कम्पनी तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।

१२.दरभाउपत्र साथ पेश गर्नेकागजातहरुको प्रतिलिपी समेत पेश गर्नु पर्ने छ ।

१३.कुनै कारण नजनाई आंशिक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका कार्यालयमा सुरक्षीत रहनेछ ।

२०७८।१।१६

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

१४.प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

तपसिल

| सि.न. | सिलबन्दी दरभाउ पत्र | कामको नाम र विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत | |
|---|---|---|---|---|---|---|
| १. | कृषि/०१/०७७/०७८ | उन्नत धानको विउ खरिद तथा ढुवानी समेत कान्छी,सोना,रामधान,सावाँ मन्सुली,बहुगुनी,बी.जी.१४४२, | ९४३०००।- | ३००००।- | ५०% अनुदानमा | |

२०७८।१।१८

कमलदेव यादव

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner